# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### चिराघाट,दाङ

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको दरभाउपत्र आब्हान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८०/०९/०८

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को घ (६) मा भएको व्यबस्था बमोजिम शान्तिनगर गाउपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा,गिट्टी,बालुवा र ग्राभेलको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार लुम्विनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि-२०७५ को दफा ७ को उपदफा(२) र गाउँकार्यपालिकाको मिति २०८०/०९/०४ गतेको निर्णय बमोजिम देहायका **घाटहरुबाट नदिजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी विक्री गर्ने गरी** राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८०/०८१ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।अन्य थप जानकारीका लागि कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

## आन्तरिक आय ठेक्का विवरण

| क्र म सं ख्या | ठेक्का न. | नदी / खोलाको घाँटको विवरण | आ.व.२०८०/८१ को नदिजन्य पदार्थ विक्रि परीमाण (घन फिटमा) | आ.व.२०८०/८१ को नदिजन्य पदार्थ विक्रि शूल्क दर(घन फिटमा) | आ.व.२०८०/८१ को नदिजन्य पदार्थ विक्रि वापत जम्मा विक्रि शल्कको न्यूनतम अंक (अग्रिम आय कर र भ्याट वाहेक) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आय-११/SRM/SQ/०८०/०८१ | बान्द्रे खोलाको झोलुङगेपुल घाँट | ४२३७८।०० | ८।०० | ३३९०२४।०० | दरभाउपत्र |
| २ | आय-१२/SRM/SQ/०८०/०८१ | केराघारी खोलाको स्कूलमाथि घाँट | ६३५६७।०० | ८।०० | ५०८५३६।०० | दरभाउपत्र |
| ३ | आय-१३/SRM/SQ/०८०/०८१ | बागर खोलाको खड्कपुर घाँट | १२७१३४।०० | ८।०० | १०१७०७२।०० | दरभाउपत्र |
| ४ | आय-१४/SRM/SQ/०८०/०८१ | बबई नदिको कोर्वाङ घाट | २११८९०।०० | ८।०० | १६९५१२०।०० | दरभाउपत्र |
| ५ | आय-१५/SRM/SQ/०८०/०८१ | बबई नदीको देविपुर (१) घाँट | २४७२०५।०० | ८।०० | १९७७६४०।०० | दरभाउपत्र |
| ६ | आय-१६/SRM/SQ/०८०/०८१ | बबई नदीको देविपुर (२) घाँट | २२६०१६।०० | ८।०० | १८०८१२८।०० | दरभाउपत्र |

**ठेक्का सम्बन्धि शर्तहरुः**

1. माथि उल्लेखित ठेक्काहरुको लागि रु.१०००।- ( फिर्ता नहुने गरी ) दरभाउपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ । दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मेगा बैक शान्तिनगर शाखामा रहेको ग.१.१. शान्तिनगर गा.पा आन्तरिक राजश्व खाता न ०७७०१४००२५०१०८ मा दाखिला गर्नुपर्नेछ ।
2. धरौटी वापत फर्म/कम्पनीले आफ्नो कबोल अंकको ५ % ले हुन आउने रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक शान्तिनगर शाखामा रहेको ग.३ शान्तिनगर गा.पा. धरौटी खाता नं. ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बैंक जमानत (विड वोन्डको सक्कल प्रति) दरभाउपत्र नेपाल राष्ट्र बैकबाट क बर्गको मान्यता प्राप्त बैकबाट जारी भएको जमानत संलग्न गरी पेश गर्नुपर्नेछ ।धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा धरौटी प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
3. IEE प्रतिवेदनले तोकेको क्षेत्र/स्थानबाट मात्र नदिजन्य पदार्थ उत्खनन गरि घाटगद्दी गर्नुपर्नेछ।घाटगद्दी गरेको परिमाण गाउँपालिकाको कार्यालयबाट प्रमाणित गरिसके पश्चात मात्र विक्री वितरणका लागि खुल्ला गर्नपर्नेछ।
4. घाटगद्दी गर्ने स्थानको व्यवस्था स्वयम फर्म/कम्पनीले गर्नुपर्नेछ।उक्त स्थान नदि क्षेत्रभन्दा ५०० मिटर टाडाको दुरीमा अवस्थित हुनु पर्नेछ।
5. सम्झौता गर्दाका बखत सम्बन्धित फर्म/कम्पनीले कबोल गरेको अंकको (१३%) मुल्य अभिवृद्दी कर वरावरको रकम र १.५% अग्रिम आय कर ठेक्का प्राप्त गर्ने फर्म/कम्पनीले गाउँपालिकाको पान.न. २०१२५६८६० बाट मु.अ.कर आन्तरिक राजश्व कार्यालयको राजश्व शिर्षक न. ३३३१७ र अग्रिम आय कर राजश्व शिर्षक न ११११११ मा बुझाएको रसिदको सक्कल प्रति यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
6. सम्झैता गर्दा माथी उल्लेखित सबै ठेक्काहरुमा फर्म/कम्पनीले कबोल गरेको अंङ्कको १००% ले हुन आउने रकम ग.६.१.शान्तिनगर गा.पा विभाज्य कोष खाता नं. ०७७०१४००२५००८५ मा जम्मा गर्नुपर्नेछ।यदि सम्बन्धित फर्म/कम्पनीले ६०%/४०% को बमोजिम गर्न चाहेमा सम्झौता बखत ६०% ले हुन आउने रकम गाउँपालिकाको विभाज्य कोष खातामा नगद जम्मा गर्नुपर्नेछ र ४०% र ४०%को थप १०% सहित वरावरको रकम नेपाल राष्ट्र बैकबाट "क" बर्गको मान्यता प्राप्त बैकबाट जारी भएको कार्यसम्पादन जमानतको सक्कल प्रति पेश गर्नुपर्नेछ।
7. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
8. दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही गरीनेछैन।
9. ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
10. दरभाउपत्र १५ औं दिन सम्म www.bolpatra.gov.np मार्फत खरिद गरि १६ औं दिन दिनको १२:०० बजे सम्म दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २:०० बजे शान्तिनगर गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।
11. दरभाउपत्र फारामहरु खरिद गर्ने,दाखिला गर्ने,खोल्नेदिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा तत तत कार्यहरु गरिनेछ ।
12. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
13. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मुल्याङ्कनमा समावेश गरिने छैन ।
14. यस सूचना प्रकाशित गरेपछि लुम्विनी प्रदेश सरकारबाट दररेटमा कुनै फेरबदल गरेको खण्डमा कबोल अंकमा पनि सोही अनुसार समायोजन हुनेछ।
15. ठेक्का अवधि सम्झौतामा उल्लेख भए बमोजिम घाटगद्दी गर्ने समय सम्मको लागि हुनेछ ।
16. अन्य कुराहरु नेपाल सरकार, प्रदेश सरकार र शान्तिनगर गाउँपालिकाले जारि गरेका प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत